जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ ● अंक २८५ ● २०८३ श्रावण १९ गते मंगलवार ● 4 Aug. 2026 ● पृष्ठ ४ ● मुल्य रु.५/-

## धार्मिक आस्थामा रातु नदी र टुटेश्वरनाथ मन्दिरबीचको सम्बन्ध

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ श्रावण




बिहानको पहिलो किरणसँगै महोत्तरीको रातु नदीको किनारबाट एक व्यक्ति जलको कलश बोकेर उल्टो साईकल यात्रामा निस्किए । गन्तव्य थियो, देशकै प्रसिद्ध बाबाधामका रूपमा चिनिने टुटेश्वरनाथ मन्दिर । सामान्य धार्मिक यात्रा जस्तो देखिने यो दृश्यको लागि उनले अघिल्लो दिन नै पत्रकार सम्मेलन गरेर सबैलाई यस यात्राको साक्षी बन्न आह्वान गरेका थिए ।

नदीबाट जल लगेर शिवलिङ्गमा चढाउनु त सामान्य धार्मिक अभ्यास हो, त्यसका लागि पत्रकार सम्मेलन किन ? कतिपयले यसलाई सस्तो प्रचारबाजी मात्र भएको विश्लेशन गरे । तर बर्दिवासका स्थानीय जीवनाथ पोखरेलको उद्देश्य एउटा बिर्सिँदै गएको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई पुनः उजागर गर्नु थियो । "रातु नदी र टुटेश्वरनाथ मन्दिरबीचको सम्बन्ध धार्मिक आस्थामा मात्र सीमित छैन । यी दुवै एकअर्काका परिपूरक हुन् । यही सन्देश सबै भक्तजनसम्म पुऱ्याउन पत्रकार सम्मेलन गरिएको हो ।" पोखरेलले भने। "यो सम्बन्धको कथा नयाँ पुस्ताले पनि जान्नुपर्छ ।"पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उल्टो साइकल चलाएर शान्तिको सन्देश फैलाइसकेका पोखरेलले रातु नदीबाट भरिएको जल उल्टो साइकल चलाउँदै टुटेश्वरनाथ मन्दिरसम्म पुऱ्याए र भगवान शिवलाई अर्पण गरे।तर आखिर किन रातुको जल टुटेश्वरनाथका लागि यति विशेष मानिन्छ ? किन एक स्थानीयले यसको सम्बन्ध उजागर गर्न पत्रकार सम्मेलनसम्म गर्नुपऱ्यो? यी प्रश्नको उत्तर खोज्न टुटेश्वरनाथ मन्दिरको इतिहास, स्थानीय जनविश्वास र रातु नदीसँग गाँसिएको सदियौँ पुरानो सम्बन्धको रहस्य बुझ्न आवश्यक हुन्छ । के छ त्यस्तो सम्बन्ध ? टुटेश्वरनाथ महादेव मन्दिरको अस्तित्व त्रेता युगदेखि रहेको हुन सक्ने अनुमान विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक आधारहरूले गर्न सकिन्छ।ज्योतिष तथा धार्मिक अध्येताहरूका अनुसार भगवान श्रीरामको युग अर्थात् त्रेता युग करिब सात हजार वर्षअघि रहेको मान्यता छ । रातु नदी, टुटेश्वरनाथ महादेव मन्दिर र जनक युगसँग सम्बन्धित अनेकौं धार्मिक कथाहरू पनि यसै क्षेत्रसँग जोडिएका छन्।धार्मिक किंवदन्ती अनुसार माता सीताको स्वयंवरका लागि भगवान श्रीराम यही बाटो भएर जनकपुर पुगेका थिए ।

त्यस क्रममा रामसँग आएका बरियातीहरूले रातु नदीमा विश्राम गर्नुका साथै स्नान गरेको जनविश्वास रहेको छ ।

## नेपाली भूमि सुस्तामा पसेर भारतीय एसएसबीले अस्थायी बाँध भत्कायो, स्थानीयसँग विवाद



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ श्रावण


स्थानीयका अनुसार आइतबार दिउसो साढे ३ बजेतिर करिब १५ जना सादा पोसाकमा र अरु हतियारसहित ६० जनाको संख्यामा एसएसबी नेपाली भूमि पसेका थिए । पश्चिम नवलपरासीको सुस्तामा भारतीय सशस्त्र सीमा बल(एसएसबी) नेपाली भूमिमा प्रवेश गरेर निर्माणाधीन अस्थायी बाँध भत्काएपछि विवाद भएको छ ।

स्थानीयका अनुसार आइतबार दिउसो साढे ३ बजेतिर करिब १५ जना सादा पोसाकमा र अरु हतियारसहित ६० जनाको संख्यामा एसएसबी नेपाली भूमि पसेका थिए । सुस्ता बचाउ युवा अभियानका संयोजक योगेन्द्र गौतमले भारतीय एसएसबी दुई देशको सीमा मानिएको सिमलको रुखभन्दा ३ सय मिटर नेपालतर्फ प्रवेश गरेर बाँध भत्काएको बताए । स्थानीयले रोक्ने प्रयास गरेपनि हतियारसहित आएकाले रोक्न नसकिएको तर, विवाद भएको उनले जानकारी दिए । यसअघि गत असारमा पनि भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरेर बाँध निर्माणको काम रोक्न दवाब दिएपछि रोकिएको थियो । सुस्ता नेपाल-भारतबीच लामो समयदेखि विवादित सीमा क्षेत्रका रूपमा रहँदै आएको छ ।

स्थानीय मुन्ना खाँका अनुसार सीमा स्तम्भको अभाव, नारायणी नदीले धार परिवर्तन गर्नु तथा भारतीय पक्षबाट हुने पटक-पटकको हस्तक्षेपका कारण त्यहाँ विवाद दोहोरिने गरेको छ । भारतीय पक्षले बाँध भत्काएपछि अप्रिय घटना हुननदिन नेपालको सशस्त्र प्रहरी बल पनि घटनास्थल पुगेको छ ।




## सोमबार बिहान ५ बजेदेखि जनकपुरधामको निषेधाज्ञा हटाईयो



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ श्रावण

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिका तथा आसपासका क्षेत्रमा जारी गरिएको निषेधाज्ञा सोमबार बिहान ५ बजेदेखि हटाएको छ ।

जिल्लाको सुरक्षा अवस्था सुधार हुँदै गएको र आन्दोलनरत पक्षले आफ्ना आन्दोलनका कार्यक्रम स्थगित गरेपछि निषेधाज्ञा हटाइएको हो । जिल्ला प्रशासन कार्यालय धनुषाले आइतबार सूचना जारी गर्दै जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम लागू गरिएको निषेधाज्ञा हटाउने निर्णय गरेको थियो ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार पछिल्ला दिनमा जिल्लाको सुरक्षा अवस्था सामान्य बन्दै गएको, बजार, यातायात तथा सार्वजनिक सेवा क्रमशः नियमित हुन थालेको र आन्दोलनरत पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिएकाले निषेधाज्ञा कायम राख्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकालिएको हो । जनकपुरधाममा सम्भावित अप्रिय घटना रोक्न भन्दै गत साउन १६ गते बिहान १० बजेदेखि निषेधाज्ञा लागू गरिएको थियो । त्यस अवधिमा सार्वजनिक भेला, प्रदर्शन तथा आवतजावतमा विभिन्न प्रतिबन्ध लगाइएको थियो । यसअघि सरकार र आन्दोलनरत पक्षबीच भएको सहमतिपछि आन्दोलन स्थगित भएको छ । त्यससँगै जनजीवन पनि बिस्तारै सामान्य अवस्थामा फर्किन थालेको प्रशासनको भनाइ छ ।

प्रशासनले निषेधाज्ञा हटाइए पनि शान्ति, सामाजिक सद्भाव र सार्वजनिक सुरक्षालाई प्राथमिकतामा राख्दै कानुनको पालना गर्न तथा कुनै पनि उच्छृङ्खल गतिविधिमा संलग्न नहुन सबैसँग आग्रह गरेको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय……………………


# नयाँ नीतिको जरुरी

*अहिले ज्येष्ठ नागरिकलाई उपलब्ध गराइँदै आएका सुविधामध्ये बढी प्रभावकारी भएको सामाजिक सुरक्षा भत्ता नै रहेको देखिन्छ । प्रत्येक महिना आफ्नै घरआँगनमा पाउने चार हजार रुपियाँले कमसेकम उनीहरूको जीवन धानिएका छन । छोराछोरी लाखापाखा लागे पनि सहाराका लागि आफ्नै कमाइ जस्तो भएको देखिन्छ । यसरी वृद्धभत्ता प्रत्येक ज्येष्ठ नागरिकका लागि जीवनयापनका लागि प्रमुख आधार बन्न पुगेको देखिन्छ । २०७८ सालको जनगणना अनुसार ६० वर्षभन्दा बढी उमेर हुनेको सङ्ख्या करिब ३० लाखको हाराहारीमा रहेको देखिन्छ । यो भनेको नेपालको कुल जनसङ्ख्याको १० प्रतिशत हुन आउँछन । आर्थिक दृष्टिकोणबाट हेर्दा त्यति ठुलो सङ्ख्या नभए पनि नेपाल जस्तो गरिब मुलुकका लागि भने समस्या नै हुने देखिन्छ । ज्येष्ठ नागरिकलाई उपेक्षा नगर्ने हो र उनीहरूको योग्यता, क्षमता, दक्षता, ज्ञान, सिप र अनुभवलाई प्रयोगमा ल्याउन सक्ने हो भने राज्यले धेरै लाभ लिन सक्ने देखिन्छ । ज्येष्ठ नागरिकबाट लाभ पनि लिन नसक्ने र अर्कोतर्फ उनीहरूको जीवनयापनमा कुनै सहयोग नगर्ने हो भने भविष्यमा झनै समस्या आउन सक्ने देखिन्छ । आफ्नै शरीरले दुःख दिइरहेकोमा हुर्किएका र पढेलेखेका सन्तान सबैले छोडेर जाँदा यिनै ज्येष्ठ नागरिकमाथि बोझ थपिएको देखिन्छ ।*

*धन्न रहेछ ज्येष्ठ नागरिक ! यो वृद्धावस्थामा पनि सकी नसकी पिँढीको डिलमा बसेर घर कुर्नु परेकै देखिन्छ । साना मसिना भुराभुरीको समेत उनीहरूले नै रेखदेख गर्नु परेकै देखिन्छ । ज्येष्ठ नागरिकको पीडा र समस्या निराकरण गर्नका लागि राज्यले अहिले भएका व्यवस्थाको कार्यान्वयनमा कडाइ गर्नुका साथै नयाँ नीति पनि ल्याउनु जरुरी रहेको देखिन्छ ।*

# खेलमैदानको अभावका कारण खेल क्षमता विकास प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ श्रावण**




औरही नगरपालिकामा व्यवस्थित खेलमैदानको अभावका कारण स्थानीय युवा तथा खेलाडीले नियमित अभ्यास गर्न नपाउँदा उनीहरूको खेल क्षमता विकास प्रभावित भएको छ ।

फुटबल, क्रिकेट, भलिबललगायत विभिन्न खेलमा रुचि र प्रतिभा भएका युवाहरू भए पनि अभ्यास र प्रशिक्षणका लागि आवश्यक पूर्वाधार नहुँदा उनीहरू अवसरको खोजीमा भौँतारिन बाध्य भएका छन् । स्थानीय खेलाडीका अनुसार प्रतियोगिता नजिकिँदा अभ्यासका लागि उपयुक्त स्थान खोज्नुपर्ने अवस्था छ। नियमित प्रशिक्षणको अभावले खेल कौशल सुधार गर्न कठिनाइ हुने र अन्य क्षेत्रका खेलाडीसँग प्रतिस्पर्धा गर्न समेत चुनौती थपिएको उनीहरूको भनाइ छ । औरही नगरपालिका-५ का युवा अजयकुमार मुखियाले खेल्ने उपयुक्त मैदान नहुँदा नियमित अभ्यास गर्न समस्या भएको बताउनुभयो । नगरपालिकाले व्यवस्थित खेलमैदान निर्माण गरे स्थानीय खेलाडीले आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर पाउने उहाँको भनाइ छ । यस्तै, औरही-१ का स्थानीय खेलाडी मुकेशकुमार साहले प्रतियोगिताको तयारीका लागि आवश्यक अभ्यास गर्ने स्थान नहुँदा खेलाडीको क्षमता विकासमा प्रत्यक्ष असर परेको बताउनुभयो। उहाँका अनुसार औरहीमा फुटबल, क्रिकेट र भलिबलप्रति युवाको आकर्षण उच्च भए पनि अभ्यासका लागि आवश्यक पूर्वाधार नहुँदा उनीहरूले नियमित प्रशिक्षण लिन सकेका छैनन् ।

औरही-९ का स्थानीयवासी मुकेशकुमार महतोले नगर क्षेत्रमा खेलकुदका लागि आवश्यक पूर्वाधारको अभाव रहेको बताउनुभयो । युवाको सङ्ख्या बढ्दै गए पनि उनीहरूका लागि खेल्ने उचित वातावरण निर्माण हुन नसकेको उहाँको भनाइ छ ।

# २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरी दर्ता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ श्रावण**




राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरी दर्ता भएका छन् ।

नागरिकका आधारभूत अधिकार, महिला तथा बालअधिकार, जातीय भेदभाव, आर्थिक तथा सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएको आयोगका प्रमुख बुद्धनारायण सहनी केवटले जानकारी दिए । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धि अन्तर्गत १७, घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसाका सात वटा उजुरी दर्ता भएका छन् ।

त्यसैगरी बालबालिकामाथि हुने तीन, जातीय विभेद, सामाजिक बहिष्कार तथा समान व्यवहार नपाएकाको दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएका आठ र यातनाविरुद्धको अधिकार सम्बन्धी महासन्धि अन्तर्गत तीनवटा उजुरी दर्ता भएका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि आयोगको केन्द्रीय कार्यालय पठाइएको प्रमुख केवटले जानकारी दिए । आयोगले ३७७ वटा उजुरीको विस्तृत छानबिन तथा अनुसन्धान गरिरहेको छ ।





अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: मनमा पछुतो आउने
तुला: आम्दानी हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,
जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

जलेश्वर टुडे
Jaleshwor Today Daily


# इरानले भन्यो- हर्मुज जलमार्ग खुलाउन ओमानसँग सम्झौता भएको छैन



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण

इरानले ओमानसँग नयाँ समुद्री यातायात मार्गसम्बन्धी भएको प्राविधिक समझदारीलाई लिएर हर्मुज जलमार्ग पुनः सञ्चालन हुन लागेको भन्ने व्याख्यालाई अस्वीकार गरेको छ।

इरानले जलमार्ग अझै बन्द नै रहेको स्पष्ट पार्दै यसलाई खोल्ने निर्णय पूर्णतः अलग विषय भएको बताएको छ। साथै, जलमार्ग बन्द रहनुको मुख्य कारण अमेरिकाको नाकाबन्दी, सम्झौता उल्लङ्घन तथा इरानविरुद्ध जारी शत्रुतापूर्ण गतिविधिहरू भएको इरानले ठहर गरेको छ । इरानको सरकारी सञ्चारमाध्यम आइआरआइबीसँगको अन्तर्वार्तामा विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले ओमानसँगको सहमति सुरक्षित समुद्री मार्ग व्यवस्थापनका लागि गरिएको केवल प्राविधिक पूर्वशर्त मात्र भएको बताए। उनले यसलाई हर्मुज जलमार्ग पुनः खोल्ने निर्णयका रूपमा बुझ्न नमिल्ने प्रस्ट पारे। अमेरिकी अधिकारीहरूको पछिल्ला अभिव्यक्ति र चेतावनीले इरानको नीति परिवर्तन नहुने उल्लेख गर्दै उनले राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितका आधारमा मात्र निर्णय लिइने र इरान कुनै पनि बाह्य दबाबबाट प्रभावित नहुने बताए । बाघाईका अनुसार सुरक्षित समुद्री मार्ग निर्माणसम्बन्धी इरान-ओमान वार्ता अप्रिल ८ मा भएको युद्धविरामसम्बन्धी समझदारीपछि सुरु भएको थियो भने जुन १८ को सहमतिपछि यो थप तीव्र बनेको हो । दुवै देशले पुरानो उत्तरी मार्ग र असुरक्षित दक्षिणी मार्गको विकल्पका रूपमा नयाँ 'ट्राफिक सेपरेसन स्किम' (टीएसएस) तयार गर्ने विषयमा छलफल गरिरहेका छन् । उनले हर्मुजको अवस्थालाई मे ३० अघिको स्थितिमा फर्काउने कुनै योजना नरहेको स्पष्ट पार्दै इरानको सार्वभौम अधिकारको पूर्ण सम्मान सुनिश्चित भएपछि मात्र जलमार्ग पुनः सञ्चालनबारे निर्णय हुन सक्ने उल्लेख गरे ।

ओमानसँग भइरहेको वार्ता विशुद्ध द्विपक्षीय विषय भएको र यसमा तेस्रो पक्षको कुनै भूमिका नरहने उनको भनाइ थियो। प्रवक्ता बाघाईले हालै इरानी पूर्वाधार तथा केशम टापुका आवासीय क्षेत्रमाथि भएको अमेरिकी सैन्य आक्रमणको प्रसङ्ग उठाउँदै इरानले क्षेत्रीय मुलुकहरू तथा बुल्गेरिया, बेलायत र युक्रेनलगायतका देशलाई आफ्नो भूमि वा सैन्य सुविधा इरानविरुद्ध प्रयोग गर्न नदिन कूटनीतिक चेतावनी दिएको जानकारी दिए। संयुक्त राष्ट्रसङ्घको महासभाले आक्रमणको परिभाषासम्बन्धी पारित गरेको प्रस्ताव उद्धृत गर्दै उनले कुनै देशले आक्रमणकारीलाई सैन्य अड्डा वा रसद उपलब्ध गराए त्यस्तो देश पनि आक्रमणमा संलग्न मानिने र इरानले आत्मरक्षाको अधिकार प्रयोग गर्ने चेतावनी दिए ।

# 'गौँथली' ले दोस्रो सातामा कमायो साढे १३ करोड, दर्शक ५ लाख नजिक



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण

चलचित्र विकास बोर्डले प्रदर्शनरत नेपाली फिल्मको बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको छ । आइतबार राति दश बजेसम्मको व्यवसायलाई लिएर सोमबार सार्वजनिक बक्स अफिस रिपोर्टमा फिल्म 'गौँथली' ले दुई सातामा साढे १३ करोड बढी व्यवसाय गरेको छ ।

पहिलो साता साढे ७ करोडको व्यवसाय गर्न सफल फिल्मले दोस्रो सातासम्म आउँदा १३ करोड ६४ लाख ४६ हजार ५३५ ग्रस कलेक्स गर्न सफल भएको छ । फिल्मलाई यस अवधिमा ४ लाख ९४ हजार ११५ जनाले हेरेका छन् ।

साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले तेस्रो सातामा पनि राम्रो व्यवसाय गरिरहेको छ। फिल्मले २० करोड बढीको व्यवसाय गर्ने अनुमान गरिएको छ। फिल्म गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा.भोला रिजालका छोरा डा.कपिल रिजालले निर्देशन गरेका हुन् । योसँगै 'गौँथली' यस वर्षको सर्वाधिक कमाइ गर्ने पहिलो फिल्म बनेको छ । यसअघि पहिलो स्थानमा 'जात्रा' समूहको फिल्म 'लालीबजार' थियो । जसले ९ करोड ३२ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो । सुरुमा करिब २ सय शो पाएको 'गौँथली' ले अहिले २५० भन्दा माथि शो पाइसकेको छ। अधिकांश शोमा दर्शकको चाप उच्च रहँदा व्यापारिक रिपोर्ट उत्साहप्रद रहेको छ। पहिलो दिन औसत देखिएको हलमा त्यसपछिका दिनमा अकुपेन्सी बढेर हाउसफूलसम्म हुँदै आएको छ ।

कलाकारसहितको टिम अहिले पनि हल हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझिरहेको छ । काठमाडौँ उपत्यकासहित कलाकारहरू मोफसलका हल पुगेर दर्शकलाई भेटिरहेका छन्। दर्शकले मौलिका चलचित्र भन्दै तारिफ गरिरहेका छन् । फिल्ममा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय छ । डा.भोला रिजालको कथामा आधारित फिल्मको पटकथा तथा संवाद डा.कपिल रिजाल, निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गरेका हुन् ।

घर, परिवार, सम्बन्ध र आत्मीयताको भावलाई केन्द्रमा राखिएको फिल्मको वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडीले गरेका छन् ।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# द्वन्द्व बढाउने डिजिटल झिल्को



-सामाजिक सञ्जालले आज सूचना आदानप्रदानको माध्यम मात्रै नभई साम्प्रदायिक, धार्मिक र राजनीतिक तनाव तथा दंगाको योजनादेखि विस्तारसम्मको प्रभावशाली औजारको रूपमा काम गरिरहेको छ । भ्रामक सामग्री, घृणायुक्त अभिव्यक्ति र अपुष्ट सूचनाले डिजिटल प्लेटफर्ममा तीव्र गतिमा फैलिँदा समाजमा अविश्वास, ध्रुवीकरण र हिंसात्मक वातावरण सिर्जना भइरहेको छ ।

यस चुनौतीको सामना गर्न विश्वसनीय सूचना व्यवस्थापन, डिजिटल साक्षरता, उत्तरदायी नीति र नागरिकको भरोसा कायम राख्ने सन्तुलित राज्य संरचना अपरिहार्य छ । केही वर्षअघि दंगा भन्नासाथ हाम्रो आँखामा सडकमा उत्रिएको भीड, ढुंगामुढा, आगजनी तथा प्रहरी र प्रदर्शनकारीबीचको झडपको दृश्य आउँथ्यो । तर, आजको वास्तविकता बदलिएको छ । कुनै समय चोकका चियापसल, चौतारी र सार्वजनिक भेलामा सीमित भलाकुसारी, होहल्ला र उत्तेजना आज सामाजिक सञ्जालका डिजिटल पर्दामा सरेका छन् । अब साम्प्रदायिक वा राजनीतिक तनाव सडकमा होइन, मोबाइलको स्क्रिनमा जन्मिन सक्छ । एउटा भ्रामक पोस्ट, सम्पादन गरिएको भिडियो, लाइभ वा एआईबाट निर्मित नक्कली सामग्रीले केही घण्टामै हजारौं मानिसमा तीव्र आक्रोश र उत्तेजना उत्पन्न गर्न सक्छ । यसले वर्षौंदेखि मनभित्रै गुम्सिएको साम्प्रदायिक, धार्मिक वा राजनीतिक अविश्वास उक्साउँदै सडकमा हिंसा सल्काउने झिल्कोको काम गर्न सक्छ ।

यो परिवर्तन संयोग मात्रै होइन । पछिल्ला दशकमा विश्वभर भएका धार्मिक तथा राजनीतिक हिंसाका घटनाको विश्लेषण गर्दा एउटा साझा प्रवृत्ति देखिन्छ । डिजिटल प्लेटफर्म अब सूचना आदानप्रदानका माध्यम मात्रै रहेनन् । तिनले जनमत निर्माण, पहिचानको राजनीति, भ्रामक सूचना प्रवाह तथा भीड परिचालनका सबैभन्दा प्रभावकारी माध्यमका रूपमा आफूलाई स्थापित गरिसकेका छन् । त्यसैले आज राष्ट्रिय सुरक्षा, लोकतन्त्र र सामाजिक सद्भावको बहसमा सामाजिक सञ्जाललाई केन्द्रमै राख्नुपर्ने भएको छ । भारत, श्रीलंका, म्यानमार, इथियोपिया, नाइजेरिया र बेलायतका घटनाक्रम फरक सामाजिक र राजनीतिक सन्दर्भमा भएका भए पनि अधिकांश घटनामा हिंसा सुरु हुनुअघि नै सामाजिक सञ्जालमा कुनै समुदायलाई लक्षित गरी अपुष्ट सूचना, सम्पादित भिडियो, घृणायुक्त अभिव्यक्ति वा भ्रामक सामग्री तीव्र गतिमा फैलिएको पाइन्छ । प्रयोगकर्ताका लागि निःशुल्क देखिने सामाजिक सञ्जाल खर्बौं डलरको व्यापारिक संरचना पनि हो, जसको व्यावसायिक मोडेल प्रयोगकर्ताको ध्यान लामो समयसम्म आफ्नो प्लेटफर्ममा टिकाइराख्नमा आधारित छ । मानिस जति धेरै समय स्क्रिनमा बिताउँछ, त्यति नै धेरै विज्ञापन देखाइन्छ र त्यति नै धेरै आम्दानी हुन्छ । त्यसैले त्यहाँ सत्यभन्दा ध्यान आकर्षित गर्ने सामग्रीको मूल्य बढी हुन्छ । एल्गोरिदमको उद्देश्य सत्य खोज्नु होइन, प्रयोगकर्ताको ध्यानलाई सकेसम्म लामो समय आफ्नो प्लेटफर्ममा टिकाइराख्नु हो । म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी 'एमआईटी'का अनुसन्धानकर्ता सोरुस वोसुघी र उनको टोलीले प्रतिष्ठित 'साइन्स' पत्रिकामा प्रकाशित गरेको एक अध्ययनले सामाजिक सञ्जालमा भ्रामक तथा झूटा समाचार साँचो समाचारभन्दा धेरै छिटो, व्यापक र गहिरोसँग फैलिने देखाएको छ । यसको कारण प्रविधि मात्रै होइन, मानवीय मनोविज्ञान पनि हो । शान्त र तथ्यपरक सूचनाभन्दा भय, आश्चर्य वा आक्रोश उत्पन्न गर्ने सामग्रीतर्फ मानिस स्वाभाविक रूपमा बढी आकर्षित हुन्छ । यही मानवीय प्रवृत्तिलाई सामाजिक सञ्जालका एल्गोरिदमले थप तीव्र बनाइदिन्छन् । आज सामाजिक सञ्जाल सूचना आदानप्रदानको माध्यममा मात्रै सीमित छैन, धेरै अवस्थामा यो साम्प्रदायिक, धार्मिक र राजनीतिक दंगाको सञ्चालन गर्ने प्रभावशाली डिजिटल औजारका रूपमा प्रयोग भइरहेको छ । एउटै प्लेटफर्मबाट अफवाह फैलाइन्छ, घृणायुक्त भाष्य निर्माण गरिन्छ, भीड परिचालन गरिन्छ, घटनालाई प्रत्यक्ष प्रसारण गरिन्छ र त्यसलाई उचित ठहर गर्ने नयाँ भाष्यसमेत सिर्जना गरिन्छ । यसरी सामाजिक सञ्जाल दंगाको कारण मात्रै होइन, त्यसको योजना, विस्तार र वैधीकरणसम्मको सम्पूर्ण चक्रमा प्रयोग हुने प्रभावशाली माध्यम बनेको छ । सामाजिक सञ्जालको अर्को कम चर्चा हुने, तर अत्यन्त गम्भीर पक्ष 'इको चेम्बर' हो । यसमा मानिस क्रमशः आफ्नै विचार, राजनीतिक आस्था वा धार्मिक विश्वाससँग मेल खाने सामग्री र त्यस्तै सोच भएका व्यक्तिमै सीमित हुँदै जान्छन् ।

सामाजिक सञ्जालका एल्गोरिदमले यही प्रवृत्तिलाई प्रोत्साहन गर्दै 'फिल्टर बबल' निर्माण गर्छ, जहाँ फरक विचार क्रमशः हराउँदै जान्छ र आफ्नै विश्वास झन् दृढ, कहिलेकाहीं कट्टर पनि बन्दै जान्छ । मनोविज्ञानमा यसलाई 'समूह ध्रुवीकरण' भनिन्छ । यस्तै वातावरणमा एउटै अपुष्ट वा भावनात्मक सामग्री बारम्बार दोहोरिँदा त्यो सत्यजस्तै अनुभूत हुन थाल्छ, जसलाई 'इलुसोरी ट्रुथ इफेक्ट' भनिन्छ । यही मनोवैज्ञानिक चक्रले समाजमा अविश्वास, अमानवीयकरण र सामूहिक आक्रोशको वातावरण निर्माण गर्दै सामान्य विवादलाई साम्प्रदायिक वा राजनीतिक दंगातर्फ धकेल्न सक्छ । विश्वका विभिन्न देशमा पछिल्ला वर्षमा भएका धार्मिक तथा राजनीतिक हिंसाका घटनाले यही यथार्थलाई झन् स्पष्ट पारेका छन् ।

भारत, श्रीलंका, म्यानमार, इथियोपिया, नाइजेरिया र बेलायतका घटनाक्रम फरक सामाजिक र राजनीतिक सन्दर्भमा भएका भए पनि त्यहाँ एउटा समान ढाँचा देखिन्छ । अधिकांश घटनामा हिंसा सुरु हुनुअघि नै सामाजिक सञ्जालमा कुनै समुदायलाई लक्षित गरी अपुष्ट सूचना, सम्पादित भिडियो, घृणायुक्त अभिव्यक्ति वा भ्रामक सामग्री तीव्र गतिमा फैलिएको पाइन्छ । भारतमा ह्वाट्सएपमार्फत फैलिएका बाल अपहरणसम्बन्धी अफवाहले निर्दोष मानिस भीडको हिंसाको सिकार बने । धार्मिक तनावका बेला फेसबुक र अन्य प्लेटफर्ममा फैलिएका अपुष्ट सामग्रीले विभिन्न स्थानमा साम्प्रदायिक अविश्वासलाई थप उग्र बनाएको विषयमा धेरै अनुसन्धान भइसकेका छन् । म्यानमारमा रोहिंग्या समुदायविरुद्ध फेसबुकमार्फत योजनाबद्ध फैलाइएका घृणायुक्त सामग्रीले हिंसा तीव्र बनाउन भूमिका खेलेको निष्कर्ष संयुक्त राष्ट्रसंघीय अनुसन्धान तथा स्वतन्त्र अध्ययनले औंल्याएका छन् । बेलायतमा सन् २०२४ का दंगापछिको अनुसन्धानले पनि आप्रवासन र पहिचानसँग सम्बन्धित भ्रामक सामग्री विभिन्न डिजिटल प्लेटफर्ममार्फत तीव्र रूपमा फैलिँदा त्यसले भीड परिचालन र हिंसात्मक वातावरण निर्माणमा योगदान दिएको देखाएको छ ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday